Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY
ESTD : 2057
25th
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्षः २६ | अंकः ६१ | वि.सं. २०८३ | जेठ | ३० | शनिवार | नेपाल संवत: ११४५, | ज्येष्ठ कृष्ण त्रयोदशी | Friday | 13 | June | 2026 | yugaawhan@gmail .com | पृष्ठः ४ | मूल्यः ५ ।-

### कर्णाली राउटे मूलप्रवाहीकरण नीति स्वीकृत

# बस्तीमा अनधिकृत प्रवेश र मदिरा वितरणमा रोक



“संविधानले प्रदान गरेका मौलिक हक तथा मानव अधिकारको उपभोग गर्न सक्षम बनाउने उद्देश्य पनि नीतिमा समेटिएको छ।

**ओम शाही**
**सुर्खेत, २९ जेठ ।**

लोपोन्मुख राउटे समुदायको संरक्षण, व्यवस्थापन र मूलप्रवाहीकरणका लागि कर्णाली प्रदेश सरकारले ‘राउटे मूलप्रवाहीकरण नीति-२०८३’ स्वीकृत गरेको छ। बिहीबार (२८ जेठ २०८३) मा बसेको प्रदेश मन्त्रिपरिषद् बैठकले नीति पारित गर्दै राउटे समुदायको अस्तित्व, पहिचान, जीवनशैली र अधिकार संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको हो।

नीतिअनुसार अब राउटे बस्तीमा अनधिकृत प्रवेश तथा बाह्य हस्तक्षेप नियन्त्रण गरिनेछ। समुदायलाई मदिराजन्य पदार्थ खुवाउने वा बिक्री-वितरण गर्ने कार्यमा रोक लगाइने भएको छ। साथै राउटे समुदायका लागि अस्थायी आवास, आधारभूत शिक्षा, स्वास्थ्य सेवा तथा सामाजिक सुरक्षाका कार्यक्रम एकीकृत रूपमा सञ्चालन गरिने जनाइएको छ।

सामाजिक विकासमन्त्री घनश्याम भण्डारीका अनुसार राउटे समुदायको जीवन रक्षाका लागि राष्ट्रिय समावेशी आयोग, राष्ट्रिय मानव अधिकार आयोग तथा अनौपचारिक सेवा केन्द्र (इन्सेक) लगायत संस्थाहरूले गरेका सिफारिसका आधारमा नीति तयार गरिएको हो। उनका अनुसार राउटे समुदायको पहिचान र मौलिकता जोगाउँदै उनीहरूको मानव अधिकार सुनिश्चित गर्ने उद्देश्यले नीति ल्याइएको हो।

कर्णाली प्रदेशसभा सामाजिक विकास समितिका सभापति पूर्णबहादुर विसीले राउटे समुदायको जातीय पहिचान, संस्कृति र परम्परागत जीवनशैली संरक्षणसँगै उनीहरूको जीवनस्तर सुधार गर्न विशेष नीति आवश्यक रहेको बताए। उनका अनुसार राउटेहरू बसाइँ सर्ने सुर्खेत र दैलेखका प्रमुख क्षेत्रमा उनीहरूको संस्कृतिसँग मेल खाने संरचना निर्माण तथा लक्षित कार्यक्रम सञ्चालन गर्ने तयारी गरिएको छ।

नीतिले राउटे समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक अधिकारको संरक्षणलाई प्राथमिकता दिएको छ। समुदायको परम्परागत जीवनशैली, भाषा, धर्म, संस्कृति, सीप र सम्पदाको संरक्षण तथा प्रवर्द्धन गर्दै सम्मानजनक जीवनयापनको वातावरण तयार गर्ने लक्ष्य राखिएको छ। संविधानले प्रदान गरेका मौलिक हक तथा मानव अधिकारको उपभोग गर्न सक्षम बनाउने उद्देश्य पनि नीतिमा समेटिएको छ।

सरकारले राउटे बस्तीमा फोटो खिच्ने, भिडियो बनाउने वा सामाजिक सञ्जालका लागि सामग्री तयार गर्ने उद्देश्यले हुने अनावश्यक आवतजावत नियन्त्रण गर्ने जनाएको छ। राहत वितरणका नाममा समुदायको वास्तविक आवश्यकताभन्दा दाताको इच्छाअनुसार कार्यक्रम सञ्चालन हुने प्रवृत्ति रोक्न पनि नीति केन्द्रित छ। साथै बाह्य प्रभावका कारण महिलामाथि हुन सक्ने हिंसा तथा समुदायको संवेदनशीलतामा असर पुग्ने गतिविधि नियन्त्रण गर्ने व्यवस्था गरिएको छ। नीतिअनुसार सुर्खेत, दैलेख, जाजरकोट, सल्यान लगायत राउटे समुदाय बसोबास गर्ने जिल्लामा उनीहरूको इच्छाअनुसार अस्थायी आवास निर्माण गरिनेछ।

समुदाय बसोबास गरेको क्षेत्रमा आधारभूत शिक्षा तथा घुम्ती स्वास्थ्य सेवा सञ्चालन गरिने र निःशुल्क उपचारको व्यवस्था मिलाइने जनाइएको छ। खानपान, लत्ताकपडा र औषधी व्यवस्थापनमा समेत सहयोग गरिने उल्लेख छ। पछिल्लो समय राउटे समुदायमा मदिरा सेवन बढ्दै गएको निष्कर्षका आधारमा सरकारले मदिरा नियन्त्रणलाई विशेष प्राथमिकतामा राखेको छ।

बाह्य समुदायको प्रभाव र सामाजिक सुरक्षा भत्ताको रकम मदिरामा खर्च हुने प्रवृत्ति बढेको भन्दै नीति मार्फत मदिरा खुवाउने तथा बिक्री-वितरण गर्ने कार्य निषेध गरिएको हो। समुदायको सुरक्षाका लागि महिला तथा पुरुष स्वयंसेवक परिचालन गर्ने र आवश्यक सुरक्षा व्यवस्था मिलाउने योजना पनि नीतिमा समावेश गरिएको छ।

## को हुन् राउटे ?

नेपाल सरकारले राउटे समुदायलाई अति लोपोन्मुख समुदायका रूपमा सूचीकृत गरेको छ। २०६८ सालको जनगणनामा ६१८ रहेको राउटे जनसंख्या २०७८ सालमा घटेर १३४ मा झरेको तथ्यांक छ। परम्परागत रूपमा घुमन्ते जीवन बिताउने राउटेहरू मुख्यतः जाजरकोट, दैलेख, सल्यान, सुर्खेत, अछाम र दाङ आसपासका क्षेत्रमा बसोबास गर्दै आएका छन्।

बढ्दो मृत्युदर, न्यून आधारभूत सुविधा र बाह्य हस्तक्षेपका कारण समुदायको अस्तित्व नै जोखिममा परेको सरोकारवालाहरूले औंल्याउँदै आएका छन्। यही अवस्थालाई मध्यनजर गर्दै प्रदेश सरकारले पहिलो पटक राउटे समुदायका लागि छुट्टै मूलप्रवाहीकरण नीति स्वीकृत गरेको हो। नीतिको प्रभावकारी कार्यान्वयनले राउटे समुदायको मौलिक पहिचान जोगाउँदै शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा पहुँच विस्तार गर्न मद्दत पुग्ने सरकारको अपेक्षा छ।

राउटे समुदायमा कल्याल, रास्कोटी र स्ववंशी गरी तीन वटा गोत्र रहेको पाइन्छ। राउटेहरूको मुख्य पेशा शिकार गर्नु र काठका सामान बनाएर अन्नसँग साट्नु हो। उनीहरू स्थायी रूपमा एउटै ठाउँमा बस्दैनन्। मौसम, चाडपर्व र परम्परागत कारणले गर्दा एक ठाउँबाट अर्को ठाउँ सर्ने गर्छन्।

बाँकी ४ पेजमा

## कर्णाली कोरिडोर बन्दको विरोध

**युग संवाददाता**
**सुर्खेत, २९ जेठ ।**

बाजुरा र हुम्लाको सीमामा पर्ने रानीसैन क्षेत्रको विवाद फेरि सतहमा आएको छ। विवादित क्षेत्रलाई लिएर बाजुराका स्थानीयले कर्णाली करिडोरअन्तर्गत धुलाचौर सडक खण्ड अवरुद्ध गरेपछि हुम्लाका नागरिक आन्दोलनमा उत्रिएका छन्।

शुक्रबार दिउँसो हुम्लाका स्थानीय जिल्ला प्रशासन कार्यालय पुगेका थिए। उनीहरूले बाजुरातर्फबाट सडक बन्द गरिनु हुम्लामाथिको अन्याय भएको भन्दै तत्काल सडक सञ्चालनको वातावरण बनाउन माग गरेका छन्।

कर्णाली करिडोर हुम्लालाई राष्ट्रिय सडक सञ्जालसँग जोड्ने प्रमुख मार्ग भएकाले सडक अवरोधले जिल्लाको आपूर्ति प्रणाली र आवागमनमा प्रत्यक्ष असर पर्ने स्थानीयको भनाइ छ। रानीसैन क्षेत्रको स्वामित्वलाई लिएर लामो समयदेखि विवाद कायम छ। विवाद समाधानका लागि विभिन्न तहमा छलफल र पहल भए पनि निष्कर्ष ननिस्कँदा बेलाबेला तनाव दोहोरिने गरेको छ।

पछिल्लो पटक बाजुराका स्थानीयले रानीसैनबारे आफ्नो माग सम्बोधन नभएको भन्दै धुलाचौर सडक खण्डमा अवरोध गरेका हुन्। सडक बन्द भएपछि हुम्लातर्फ असन्तुष्टि बढेको छ। आन्दोलनमा सहभागी स्थानीयले सीमा विवादको नाममा सडक अवरुद्ध गरेर सर्वसाधारणलाई सास्ती दिन नहुने बताएका छन्।

उनीहरूले प्रशासनमार्फत सरकारको ध्यानाकर्षण गराउँदै विवादको स्थायी समाधान खोज्न माग गरेका छन्। रानीसैन विवाद कर्णाली प्रदेशकै पुरानो अन्तरजिल्ला सीमा विवादमध्ये एक हो। दुवै जिल्लाले उक्त क्षेत्रमाथि आफ्नो दाबी गर्दै आएका छन्। विवाद समाधानका लागि सरकारी संयन्त्रले पटकपटक अध्ययन र समन्वयको प्रयास गरे पनि अहिलेसम्म ठोस निष्कर्षमा पुग्न सकेको छैन।

## ‘जिम्मेवारीमा नरहदा पनि मिडियाले महिला राजनीतिज्ञलाई प्राथमिकता दिनुपर्छ’

**युग संवाददाता**
**सुर्खेत, २९ जेठ ।**

सुर्खेतका महिला राजनीतिज्ञले सञ्चार क्षेत्रले आफुहरु नेतृत्वमा रहेको समयमा हौसला प्रदान गर्ने गरेको बताएका छन्। शुक्रबार वीरेन्द्रनगरमा मिडिया एडभोकेसी ग्रुपले आयोजना गरेको महिला राजनीतिज्ञ र सञ्चारकर्मीहरुसँगको अन्तरक्रिया कार्यक्रममा संविधानसभा सदस्य एवम् कर्णाली प्रदेशका पूर्वमन्त्री सीता नेपालीले आफु पार्टी र सरकारको नेतृत्वमा रहेको समयमा मिडियाबाट निकै हौसला पाएको बताइन।

यद्यपी, सरकार र पार्टीको नेतृत्व बाहिर रहदा भने मिडियाले खासै चासो नदिने गरेको गुनासो पनि उनले गरिन। ‘सरकार र पार्टीको जिम्मेवार तहमा रहदा मिडियाको खोजिमा निकै परिन्थ्यो। मिडियाकर्मीले निकै खोज्नु हुन्थ्यो। उहाँहरुबाट हौसला पनि मिल्थ्यो। तर, जिम्मेवारीमा नरहदा भने खासै नखोजिने रहेछ,’ उनले भनिन्।

त्यस्तै, पूर्वराष्ट्रियसभा सदस्य नन्दा शर्मा चपाईले आफु मन्त्री हुँदा होस् वा अन्य जिम्मेवारीमा रहदा मिडियाबाट रचनात्मक साथ पाएको बताइन। उनले सञ्चार माध्ययममा गलत समाचारले स्थान पाउन नुहने बताइन। कतिपय अवस्थामा भाषिक वा अन्य त्रुटिलाई लिएर महिलाहरुलाई मिम बनाउने काम पत्रकारहरुबाट हुन नहुने उनको भनाई थियो।

त्यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेतृ स्नेहा उपाध्यायले पुरुष र महिला राजनीतिज्ञ फरक दृष्टिकोणबाट हेर्न नुहने बताइन। उनले सञ्चार माध्यममा बोले पनि नबोले पनि महिलालाई हेर्ने दृष्टिकोण फरक हुने तर्क गरिन।

‘बोल्यो भने बढी बोल्यो भन्ने, बोलिएन भने केही जान्दिन कि भन्ने हुन्छ। मिडियाले महिला र सिमान्तकृत वर्गको आवाज बोल्नु

बाँकी ४ पेजमा

BHAWANI CHHAPAKHANA
Birendranagar-12, Industrial Area Surkhet.
Phone no: 083-521615, 9858067999, 9858060615
Email: pressbhawani@gmail.com
Book & Copy Production
4 Colour Design & Print
Wedding Card
Auto Stamp
Broucher Design & Print
Calender Design & Print
Screen Printing
Flex Print

विश्वभरी एकै पटक इ-पेपरका लागि
www.yugnews.com
facebook
https://www.facebook.com/yugnews
यहाँ स्क्यान गर्नुहोस् ।
Job Karnali
:- Jobkarnali.com
Tender Karnali
:- Tenderkarnali.com
ebazar
:- ebazar.com
yugnews.com

**यात्रा :**

# त्रिपुरासुन्दरी देवीमा नमन चढाउदा



पृथ्वीवहादुर सिंह

लामो समय देखी कर्णाली प्रदेशको साथै नेपाल कै ठुलो उच्च पहाडी हिमाली भुभाग डोल्फा जिल्लामा रहेको ,से फोक्सुन्डो ताल र अबलोकन गर्ने हुटहुटी हुँदा पनि समय जुराउन आर्थिक अभावले सकीरहेको थिएन। उमेर पनि ७४ वर्ष वृद्ध अवस्था तिर तिब्ररुपमा दौडीरहेको थिए। शोच्थे म युरोपका वहुदलिय प्रजातान्त्रिक मुलुकमा जन्मेको भए सृजनाकारलाई सृजना गर्न विभिन्न भुगोल मानव वस्तीमा हुने घटने घटनाहरु साथै साहित्य , लोकसाहित्य खोज यातायात को फ्रि पास खाना बस्न प्रकाशन राज्यले सुविधा दिन्छन रे। मेरो देश त संसार मै सवैभन्दा पछाडी विफिएको लोकतान्त्रिक गणतन्त्र घोषण भएपनी अझै निरुन्कुश सामान्तवादले लगाएको सामान्ती संस्कार दलवादीहरुमा हटेको छैन। सृजनाकारले जती पाउनु पर्ने मान सम्मान सुविधा पाउन सकेका छैनन।

केही कतै मान सम्मान पाउनु परेका पनि दलवादी झोले हुनेले प्रात गरिरहेका छन। म वहुदलिय प्रजातान्त्रीक पथिक यात्री भएपनि अन्ध झाले साहित्यकार बन्न मन लागी रहन्न। प्रजातन्त्रीक रहन्न। प्रजातान्त्रीक पन्छी भएर कलम कापी पुस्तक समाएर सृजना मा ,पोखीन उडीरहने मन लागी रहन्छ। अब मेरो डोल्पा पर्यटन गर्ने धोको मेट्न मध्य पश्चिम वस मेरो डोल्पा पर्यटन गर्ने धोको मेटन मध्यपश्चिम वस व्यवसाही को वस पनि संचालन छ रे मेरै सिम्ता गा.पा. मेरो गाउँका साला निलकण्ड मल्ललाई सुविधा फ्रि पास व्यवस्था गर्न सक्लान कि अन्य घुम्ने खाने बस्ने खर्च डोल्पाको सदरमुकाम विभिन्न संघ संस्था आफना भर्खर प्रकाशन कथा,कविता पुस्तक मात्र वेचुला भन्ने मन बनाएर सम्पर्क गरे। सालाले वसमा मालीक शारदा खडका सचिव नारायण चपाई संग सम्पर्क गर्नु तपाइलाई पहीचान्छन फ्रि पास दिन सक्छन वाटो देखाउनु भयो। जेठ १२ वेलुका कालीन्चोक नारायण चपाइलाई भेटन घर पुगेर निवेदन गर्दा डोल्फा सोझै जान हाम्रैं बस नेपालगन्ज देखी छिन्चु राती १० वजे आउछन जानु म छिन्चु विटमा सम्पर्क फोन गरी दिन्छु भनि तत्काल फोन गरि दिनु भयो।

सुर्खेत उपत्यकामा गर्मिले हपहपी तातो दिनमा चढीरहेको थियो। यही मौशममा डोल्फा जिल्ला उच्च पहाड हिमालमा अवस्थित सुन्दर पर्यटकीय भुगोलका अनेकौ सुन्दर मन्दिर ताल गरि जटीवुटि फलफुल खानीको अवलोकन गर्न पाएर यात्रा साहित्य पस्कन मन उचालिएर चहचह भएको थिए। विहान सुर्खेत उपत्यकामा तिलता छाएको समय सर्यले पुर्ववाट खुट्टा पसारेका थिए।

२०८३ साले जेठ १३ गते विहान दिपनगर घरवाट पैदल मेरो सिम्ताली गंगामाला देउती वज्यै मन्दिर पिपिरा पुगी फुल चढाएर डोल्फा यात्रा सफलताको शुभकामना आशीरवाद मागेर त्यहिँवाट घर पुगी भोजनगरी सिजाली सम्राट दवारा निमार्ण हिन्दुवौद धर्मको धरोहर,शुरविर पैकलाहरुले तालमा ढुर्गा सयर गरी आस्था विसाउने ढुर्ँढुर्गाको नेपालकै अलोकिक काँक्रेविहार मन्दीर पाँचपटक घुमी डोल्फा यात्रा सफलाको माग विसाएर नमन चढाए। त्यहीवाट वुलवुलेताल उद्यान पुगी तालको ढुर्गा सयर गरी घर गएर यात्राको थप खर्च जुटाउन आफ्ना सृजना तातो कपडा ठुलो सानो झोलामा राखी ६ वजे एरपोर्ट चोकपुगी वाजुरावाट आएको माईको वसमा वसे। वसमा डेउडा गित वजीरहेका थियो। म भने वसमा पनी नयाँ स्थान भए दृश्य अवलोकन लेखन व्यस्त हुने गर्छु।

आज यो यात्रा सानो ठुलो भेरी मिलन रिम्ना सम्म पटक पटक यात्रा गरी यात्रा साहित्यमा पस्की सकेकोले उज्यालो हुन्जेल पढुला भनि भर्खर विमोचन भएको साहित्यकार डा : महेन्द्र कुमार मल्लको नक्खी उपन्यास झेलामा पढन ल्याएको थिए। वसमा वसी साहीत्यकारका आफना भनाई र वेली कुमुदिनी छिन्चु पुग्दा सम्म अध्ययन गर्न पुगे। यो उपन्यासमा कर्णालीमा वोलीने खस कुडा भाषा सिंजा साम्राज्य भित्र कोटे कविला दरवार भित्र राजकुमार राजकुमारी प्रेम गाथा कथा कलाले सजाएर पस्कनु डा : महेन्द्र कुमार मल्ल अन्य खस साहित्य संगै उभिनु भएकोमा मनमनमा धन्यवाद दिदै ५ बजे साँझ छिन्चु बजार पुगेको वस पर्खेर वस्दा होटल पटान्गीनीमा भेरी गंगा न.पा.५ लेक हात्तीखाल निवासी वर्ष ४० का अविवाहीत एउटा आतखुट्टा नचल्ने अपार्भिरत विष्ट संग भेट भयो। कक्षा ९ पास वावु मृत्यु आमासंग वसेका विष्ट त्यही होटलका भाडा सफा छाडुपोछा गरी मासिक ६००० तलव खाना वस्न काममा दलीएको वताए।

आफु जन्मजात अपाङ्ग नभएर सानो हुँदा ज्वरो आएर हातखुट्टा दुखाई हुँदा यही वजारको मेडिकलमा उपचार गर्न ल्याउदा धेरै दुखाईको इन्जेक्सन लगाउदा नै हात र खुट्टा नचल्ने बनेका हुन भने। मलाई अहीले नेपालका विभिन्न भुभागमा खुलेका मेडिकलहरु रोगको पहिचान नगरी जथाभावी औषधी पेलेर आम्दानी गरी रहेका छन। शिक्षामा पनि पाईभेट स्कुलहरु ले प्रचार प्रचार गुणस्तर विज्ञापनले जथाभावी शुल्क लगाएर आर्थिक शोषण गरिरहेका छन। यो सवै अनुमति दिने नेपाल राज्य अहीले सम्म शिक्षा स्वाथ्य निशुल्क नहुँदा नै जनशोसनको ठुलो माध्याम वनीरहेका छन। युरोपका हाम्रो देश भन्दा कती साना प्राकृतीक संम्पदा कम दिएको राष्ट्रहरुमा व्यवस्थित राज्य व्यवस्थापनले शिक्षा स्वाथ्य निशुल्क रोजगारी ग्यारेन्टी शरिरको कुन अंगले कसरी कुन काम गर्न सक्छ त्यसैले सजीलो काम दिएर सम्वृद्धीको उचाई चुमेका छन। त्यस्तो राज्य पुगेको भए आज यो विष्टले यस्ता १८ घण्टे काममा न्युन ज्यालामा दलीनु पर्ने थिएन भनी उनीसंग गफीए। विधालयमा अध्ययन गर्दा गजल कविता पनि सृजना अध्ययन मनपरेर गर्थे भने। तत्काल आफनो झोलामा रघुविर नेपालीको गजल आमाको माया "एक पर्ती पुस्तक उपहार दिएर दिए। ठिक १० वजे वेलुका नेपालगन्जवाट डोल्फा जाने संयुक्त यातायातको भे १ ख ४३५६ नं को वस आएर रोकियो। वस स्टपले फ्रि पास यात्रा टिकट दिएपछी वसमा वसेको थिए। वस अध्यारोमा अघी वढयो। वसमा सिगारु गित संगीत वजिरहेको थियो। हे हाई ..........सल्लो ढल्यो सल्यान तिर साल ढल्यो दाङतिर।

हे हाई ........झन हेर्नु झन माया लाग्छ मायालु आङतिर ॥

१२ वजे राती वनगाढ कुपिण्डे न.पा.११ रैकर धारापानी रैकर भेरी हाइवे होटल "खाना बस रोकीयो। आज विहान पनि रोटी साग दाल कमै खाएको थिए। वेलुका पनि खाना खाने मन हुँदा पनि मोटोपना वढेकोले उपवास वसे घटला भनि एउटा सानो काँक्रा मात्र खाए। खाना पछि वस अध्यारोमा दौडियो तल भेरी नदीको शुशाहट आवाज वस सम्म आइरहेको थियो। केहीवेर वस सल्लीवजार जामुनेवजार हुँदै मेरो वालापन हुर्केको गोठ भएको आमा कस्तुरी कुमारी सिहंलाई राती सुतेको समय सर्पले डस्दा मृत्यु भएको वालीखोला भेरी नदीलाई दोभान पाखोवारी पुग्यो। म जहीले पनि यातायात हो वा पैदल हो यो मातृभुमीमा पुग्दा यौवनमयी आमाको मृत्यु साना भाइबहीनी को जिम्मेवारी काँधमा आएको मर्मात झल्को आउदा आमाको मायाले आसु भलभल खस्छन ,आज पनि खसेका थिए। केही छिनमा लापु



पोखेल वाउन कि छोरी गंगामाला देउती बज्यैलाई नदिमा काठको वाकस हाली वगाएको स्थान भुजादेउ पुगियो। त्यहाँवाट केहि वरमा छेडा वजार भेरी नदी र छेडा गाढखोला दोभान १ वजे बस रोकियो। त्यही भेरी जाजरकोट होटलमा आराम गर्न रु १०० भाडा दिएर सयुक्त कोठामा ५वजे सम्म निन्द्रा देविको काखमा सुकुला भएर ५ वजे यात्रा अगाडी वढीयो। यो सडक यात्रा कहिले जाजरकोट शिमा राकम नि.मा.वि.अध्यापन गराउँदा व्यापारी हुँदा राजनैतिक संगठन गर्दा पैदल देखी साहीत्य यात्रा वस यात्रा गरेकोले खासै कलम डायरी नकोरी विहान भेरीको सितलता खादै यातायात खुलेपछी खोला भेरी नदी वनाएका दुनफाँट ससाना वजार हुँदै जाजरकोट खलन्गा तलवाट सडक तयार भएको रहेछ माथी कोट दरवार भुइचालोवाट फुटेर जिर्ण दरवार हेर्ने नपाएर डल्ली खोला पुगियो।

यो लामो यात्रामा भेरी नदिको तिरतिरै सुर्यले वादल भित्रवाट उज्यालो किरण खुट्टा पसारी रहेको समयमा म स्वर्ग को डिलमा दौडीरहेको अनुभती गर्दै थिए। यो वृद्ध जिवनको उत्तरार्ध तिर लम्कीरहेको यात्रा उच्च स्थानमा रहेको स्वर्ग भुमी उच्च हिमाल डोल्फामा रहेको से- फोक्सुन्डो ताल हेर्ने पुगुला त्रिपुरा सुन्दरी मन्दिर देविमा नमन चढाउला उच्च स्थान रहेको स्वर्ग भुमि उच्च हिमाल डोल्फामा रहेको से फोक्सुन्डो ताल हेर्न पुगुला त्यहीँवाट फर्केर सुन्दरी त्रिपुरा सुन्दरी मन्दिर देवीमा नमन चढाउला उच्च स्थानमा रहेको जुफाल विमानस्थल र दुनै जिल्ला सदरमुकाम अवलोकन गरुला भन्ने कल्पना डुब्दै ७ वजे विहान सानो भेरी ठुलो भेरी संगम रिम्ना पुगीयो।

त्यहाँ पुग्दा भेरी नदी वरिपरी वस्तीमा लोकगित सिगारु गाउँने झल्को आयो।

हे हाइई ..........सानो भेरी ठुलो भेरी रिम्नामा भेट् भयो।

हे हाइई .........ठगान आउने मयालुको के भएर लेट् भयो ॥

त्यहाँवाट सानो भेरी अलग हुँदा ठुलो भेरी नदी किनार कहिले वारीपारी वेलिव्रिज पुलपार गर्दै रुकुम पश्चिम राडीवजार केही वर्ष अघी रुकुम यात्रामा जादा वास बसी घुमेको वजार देखियो। जाजरकोट कालीमाटीवाट हिन्दु योगी ३ जना योगी चढेका थिए। मलाई इस्वर मान्नु धार्मिक विश्वास थोरै ध्यान गर्दा स्वाथ्य रहन गलत कार्य नगर्नु राम्रो कार्य भएकोले दिनमा केही वेर मात्र राम्रो हो लाग्छ। हाम्रो जस्तो अल्पविकशित मुलुकलाई आत्मनिर्भर हुने अनेक बहुमुल्य प्राकृतिक श्रोत हरेक नागरिक श्रम वगाउनु पर्छ। युवायुवती परदेश श्रमदास श्रम पोख्न पठाउने यता वृद्ध जिवन भर धर्मको नाममा श्रम नगरी दान दक्षिँण मागीखाने कमले सम्वृद्धी लिदैन भन्ने लाग्दै आएको यि भिक्षु घुमुन्ते योगी देख्दा याद आएको थियो। नलगाढ वारेकोट खोला पारगर्दा वसमा सिगारु गित बजिरहेको थियो।

ए हाइई .......... मान्छे राम्रो बोली वचनले झनै राम्रो जिउले।

ए हाइई .......... म साइलाई भेटन आउला व्यापारीले निउले ॥

यो भेरी करीडोर सडक संचालन भएपछी भेरी नदीले निमार्ण गरेका मैदानी सानाठुला दुनमा वजारमा होटल बस्न थालेका छन। यही ठुलो भेरी वारिपारी उच्च पहाडहरु केवुलकार तल वजारहरुमा यौन खुल्ला हुने हो भने हाम्रो नजिक सिमानामा रहेका देशहरुवाट कम आयश्रोत भएका पर्यटकहरु घुइचो लागेर आम्दानीको श्रोत हुने थियो। आजको छोरी वुहारी ले तातो वालुवाका देश अरब गएर श्रम यौन दासी हुनु पर्ने थिएन परिवार संग माया विसाए सजिलो आम्दानी श्रोत हुने थियो भनि संगै वसेका रोल्पा लह न.पा.का नेपालगन्ज युनाइटेड क्याम्पस

१२ कक्षा अध्ययनरत रमित रोकाया संग गफिदै ९ वजे नलगाढ चौखा वजार पुगियो। यो वसमा सल्यान वनगाढ कुपण्डे न.पा. चिउरा त्रिभुवन जनता मा.वि.मा अध्ययपन गराउने रमेश भट्ट वैतडी लक्षमण वि.क दैलेख वसमा चिनजान गरेर यि शिक्षक वन्धु सरकारी विदा चारदिन भएकोले त्यहि समयको उपयोग गर्न डोल्फा से -फोक्सुण्डो पर्यटन स्थल अवलोकन मनोरन्जन यातायात सुविधा थोरै आर्थिकले यात्रा गर्न लागेकोमा खुसी पनि लागीरहेको थियो। किनारम ठुलो भेरी नदीमा हिउपानी भुल्का उठाउदै दौडीरहेकि थिइन। यो यात्रा पहिलो भएकोले बसवाट देख्दा नास्ता पसल वस्दा पनि गहिरो अवलोकन गर्न व्यस्त थिए। तल्लु , वजार पुगी यात्रुहरु नास्ता खान र गाडी डाइभर कन्डक्टर वस चक्का फुकाली ठोकठाक्क गर्न थाले। म भने मोटो शरिर घटला भनी कृतिका मल्ल होटल गएर एक अण्डा , एक समोसा खाएको थिए। ११:३० वजे वल्ल धक्का मारी वस अगाडी बढयो। रुकुम पश्चिम कच्ची सडक हुँदै गोतामकोट नदी किनार हुँदै १२.४५ दिनमा आठविसकोट न.पा.६ पश्चिम रुकुम खोला वगर पुगियो होटल अर्गानिक जिशु एण्ड यिसुमा यात्रुहरु विहानको खाना खानु भयो। आज पनि यो यात्रामा दिशा पिशाब समस्या वुढेकाल तलमाथी गर्नु भन्दा खाना नखाएर २ कोसा केरा पहाडी अर्गानिक खाएको थिए। त्यहाँ पनि विचमा ठुलो भेरी उर्लिरहेकी थिइन। वरिपरी उच्च पहाडहरु उभिएका थिए। यही जाजरकोट नलगाढ न.पा. वार्ड ७,९, सुर्खेत चिगाड गा.पा. अवचिङ घर भएका सचिवमा कार्यरत हरिराम राणा संग चिनजान गरियो। आफनो जिल्ला अवलचिङ रानाहरु धेरै मित्र भएका गाउँका सचिव भेटिदा यात्रामा आर्थिक सहयोग पनि होला मेरो केही सृजना किनी दिनु भतीज भनि निवेदन गरे। उनिले भने काका आजकाल पुस्तक को पढछ र डिजिटल युग पढे ज्ञान भइ जान्छ भने। हुनत म नेपालका धेरै भुभागमा घुम्दा विभिन्न संघ सस्थामा आफना सृजना किन आग्रह गर्दा कर्मचारी तन्त्र आत्तनो कमिसन नआउने लेखक पत्रकारलाई बजेट हैन भनि सताउदा लेखापाल जनता काल कविता सृजना गरी भन्छिन आमा नेपाल कविता संग्रहमा पास्कन पुगेको छु। यी भतीज सचिव चेतना को विकाश होला भनी पुन : निवेदन गरिन।

सचीव वसमा यात्रुसंग थप गफिदै भनीरहेका थिए भारतीय सेनाका भाडाका नेपाली सेनाका जवान हेलिकप्टर वुक गरेर से -फोक्सुण्डो ताल अवलोकन गर्न जान्छन। हामी नजिक भएर पनि बल्ल चारदिन सरकारी विदामा वस चढी अवलोकन पर्यटन गर्न हिडेका छौ भने। मलाई लाग्यो त्यस्तै सुविधा साहित्य सृजनाकारले हेलिको पाए कति सुन्दर डोल्फाको भुभाग यात्रा पस्कने थिए भनी मनमा लागेको थियो। यो पटकको ४ दिने विदामा विभिन्न संघ संस्था कार्यरत कर्मचारी विधालय कर्मचारी शिक्षँक रिजर्व मोटर वायक र वसमा धेरै डोल्फा से -फोस्कुण्डो ताल पर्यटन यात्रा आएका भेटीएका थिए। मनमनमा सोच्थे वहुदलिय प्रजातन्त्र गणतन्त्र पछि पुस्तक वेच्न राज्यले स्टेस्नरी र प्रकाशक संस्था विभिन्न कर दर्ता विल दिएर भुक्तानी पाउने कर्मचारी तन्त्रले कमिसन पाउने राज्यले नियम वनाउदा म जस्तै पुस्तक प्रकाशन पछी सृजनाकार आफै स्वदेश भित्र बेच्दै सृजनाले पोख्न झोले यात्राकारलाई आर्थिक कठिनाई दिन प्रति दिन थपिदै आएको छ। त्यस्तै मान सम्मान पद समेत दलको झोले साहित्यकारलाई ठुला साना आर्थिक सहित सम्मान पाउने क्रम वढदै जाँदा जनसाहित्य कलाकार ओझेल पर्न थालेको अनुभति हुन थालेको छ। यो मानव वस्तीमा मानव चेतना वढाउने विउझाउने कला साहित्यकार सृजनाकार नै अग्रपन्तीमा उभिदै आएका संसारभरको इतिहाँसमा पाइन्छ। यस्ता कला साहित्य लोक साहित्यकारको निश्पक्षय मुल्याकन राज्य गैर राज्यमा वाटो खुल्ला गरे लोकतन्त्र शक्ति विकेन्द्रीकरण शुशासन भै दुन्द्ध अन्त्य हुने यो ठुलो भेरी उल्लेको सेना भुल्का हेर्दै शोच्दै जाजरकोट रुकुम डोल्फा सिमान त्रिवेणी वजार पुग्न १५ मिनेट पछाडी अत्यन्त भिरालो पहरामा ट्रक को पट्टा भाँचीएर सडक जाम भएको ११ वजे पुगियो। त्रिवेणी वजारपट्टा तयार गरी ल्याएर वल्डीन जडान फेरी पनि पट्टा भाचीयो। वल्ल डोजर कनावाट मगाएर लागेर अगाडी पास हुने स्थान पुऱ्याए पछी २-३० वजे हाम्रो वस हिडेर त्रिवणी वजार पुगी पर्खेका बस यात्री वसेर अगाडी वढयो। म भने भर्खर विमोचन गरिरहेको साहित्यकार डा : महेन्द्र कु मल्लको नक्खी उपस्थास भित्रको "आकुरा "कर्णालीका कोट दरवारमा स्वतन्त्र यौन यामाको गाँठो खस भासीका कती मिठो सुन्दर उल्लेख वस विग्रेको हीडेको समय उपयोग गरिरहेका थिए। सडकमा वाख्रा वगाल ,खच्चड हिडिरहेका थिए। आकाशमा पन्छीहरु उडिरहेका थिए। जती माथी वस वढदै जाँदा चिसो वढन थाले पछी तातो कपडा झोलावाट निकाली लगाएको थिए। २ छाक नखाएको भोक लागिरहेको आकाश वादल घुमिरहेको कची सडक वस ठोकठाक मेसिन सफा पुर्जा मिलाउने गरेको पुरानो वसमा दुर्घटना शंका उपशंका कठिन यात्रा पार गराएर राती १० वजे ठुलोभेरी न.पा. ३ हुँदै वसपार्क पुऱ्याउन सफल भएकोमा डाइभर जाजरकोट नलगाढ भिम वहादुर केसी भाइलाई सकुशल यात्रा सफल पार्नु भएको धन्यवाद दिएर नजीकै रहेको प्रशान्त होटलमा साधा खाना १२ वजे तिनै ड्राइभर भाई संग निशुल्क साधा वेडमा सकुला भएको थिए वाहिर ठुलीभेरी शान्त शुसाई निरन्तर वगी रहे कि थिइन।

होटल संगै ट्राफिक प्रशरी कार्यालयलाई यातायातको चाप वढी नभएर होला गरे प्रहरी डिउटीमा उभिएका थिएनन। ६ वजे विउझिएर होटल वाहिर आउदा ठेलो भेरी शान्त भएर दगुरी रहेकि थिइन। भेरी वारिपारी दुनै जिल्ला सदरमुकाम ठुलो भेरी नगरपालिका चल्मलाउन थालेको थियो। सुर्यले पुर्व पहाडवाट वादल विचवाट अक्कल झुक्कल खुट्रा पसारी रहदा उच्च पहाडहरु यो भुमि स्वर्गको दार जस्तो भएको अनुभुति गरिरहेका थिए। होटल संगै ट्राफिक प्रहरी कार्यालय चेकपोष्टमा यातायातको चाप वढी नभएर होला प्रहरी डिउटीमा उभिएका थिएनन। नजिकै ठुलो भेरीको वेलिव्रिज पुल संगै सडक विचमा २०४२ जेठ २९ गते यही हुनै जन्मेर हवाई पाइलट भएका २०७२ फाल्गुन १४ गते वाँकेको राजा एरपोर्टेवाट जुम्ला यात्री उडानमा उडेको

बाँकी ३ पेजमा

## विश्व

# इरान-अमेरिका सम्झौता अन्योलमा

**वासिङ्टन, २९ जेठ ।**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले निकट दिनमा इरानसँग सम्झौता हुन सक्ने दाबी गर्दै सैन्य आक्रमणको धम्की स्थगित गरिएको बताए पनि तेहरानले भने कुनै अन्तिम निर्णयमा नपुगेको स्पष्ट पारेको छ। मध्यपूर्वमा जारी तनाव अन्त्य गर्ने भनिएको सम्भावित सम्झौताबारे दुवै पक्षका फरक-फरक दाबी सार्वजनिक भइरहेका छन्।

तेहरानस्थित विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाकाईले शुक्रबार वार्ता जारी रहे पनि सम्झौतामा अन्तिम निष्कर्षमा नपुगेको बताउनुभयो। उहाँका अनुसार अधिकांश विषयमा सहमति नजिक पुगे पनि अमेरिकी पक्षले नयाँ माग राखेपछि प्रक्रिया अवरुद्ध भएको हो। राष्ट्रपति डोनाल्ड ट्रम्पले भने सम्झौता 'उच्च राजनीतिक तहमा स्वीकृत' भइसकेको दाबी गर्दै इरानमाथि तय गरिएको आक्रमण र बमबारी रोकिएको घोषणा गरेका छन्। उनले हस्ताक्षरको समय र स्थान चाँडै सार्वजनिक गरिने बताउँदै वार्ता सकारात्मक दिशामा अघि बढिरहेको सङ्केत गरे। ट्रम्पका अभिव्यक्तिपछि अन्तर्राष्ट्रिय वित्तीय बजारमा तत्काल प्रभाव देखिएको छ, जसअनुसार सेयर बजारमा वृद्धि र तेलको मूल्यमा गिरावट आएको छ। सम्भावित सम्झौतामा अमेरिका र क्षेत्रीय सहयोगी, विशेष गरी इजरायलसमेत सहभागी रहेको ट्रम्पको दाबी छ। उनका अनुसार वार्ताका मुख्य बुँदा र विस्तृत रूपरेखा सबै पक्षबाट स्वीकृत भइसकेका छन्।

तर इरानले उक्त दाबी अस्वीकार गर्दै सम्झौता अझै टुङ्गोमा नपुगेको स्पष्ट पारेको छ। तेहरानले अमेरिकी पक्षले बारम्बार अडान परिवर्तन गर्ने गरेको आरोप लगाउँदै वार्ता जटिल बन्दै गएको जनाएको छ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |

## आजको राशिफल

**मेष** — सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले थप काम गर्न हौसला प्रदान गर्नेछ। बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ।

**वृष** — धेरै लगानी गर्दा कममात्र फाइदा हुनेछ। अर्थअभाव खट्किनाले काम पूरा गर्न समस्या पर्नेछ। नियमित काम बीचमा रोक्नुपर्ने स्थिति आउन सक्छ।

**मिथुन** — दैनिक आवश्यकता पूरा हुनेछन् भने मिहिनेतको फल प्राप्त हुनेछ। आम्दानी बढ्नाले उत्साह जाग्नेछ। श्रमको उचित मूल्य पाइनेछ।

**कर्कट** — विशेष काममा जग बसाउने अवसर छ। मेहनतले पदीय जिम्मेवारी दिलाउनेछ। पद-प्रतिष्ठा प्राप्त गर्ने बेला छ। धेरैले कामको तारिफ गर्नेछन्।

**सिंह** — आफ्ना कमजोरी बाहिरिनाले समस्या पर्ला। सम्भावना देखिए पनि उपलब्धि प्राप्त गर्न समय लाग्नेछ। नियमित कामलाई निरन्तरता दिन सकिनेछ।

**कन्या** — परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ। अवसर आए पनि नयाँ काम थाल्नुअघि राम्ररी विचार पुर्याउनुहोला।

**तुला** — समय लागे पनि काम बन्नेछ। सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ। विशेष उपहार प्राप्त हुन सक्छ। प्रियजनसँगको सान्निध्यले दिन रमाइलो रहनेछ।

**वृश्चिक** — मिहिनेतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ। प्रतिस्पर्धामा विजय प्राप्त हुनेछ भने द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन्।

**धनु** — अस्वस्थताले लक्ष्यअनुसार काममा जुट्न नसकिएला। अप्ठ्यारा परिस्थिति सुल्झाउनमै समय बित्नेछ। सहयोगीहरू पछि हट्नाले नयाँ योजना प्रारम्भ गर्न समस्या पर्नेछ।

**मकर** — बेलैमा योजना बनाएर काम थाल्दा राम्रो फाइदा हुनेछ। प्रतिस्पर्धीहरूले हार खानेछन् भने काममा मिहिनेतको फल प्राप्त हुनेछ।

**कुम्भ** — फाइदा मात्र हेर्दा आलोचित भइनेछ। पुरानो सम्झौता नवीकरण नगर्दा आफ्नो लाभांश गुम्न सक्छ। प्रक्रिया नमिल्नाले काम दोहोर्याउनुपर्ने हुन सक्छ।

**मीन** — बोलीको गलत अर्थ लाग्नाले वादविवादमा परिने सम्भावना छ। आत्तिने बानीले काम बिग्रनुका साथै हातमा आएको मौका गुमाउनुपर्ला।

# समृद्ध सम्भावनाको आधार निर्माण गर्दै छेडागाड



✍ देव बहादुर बुढा













छेडागाड नगरपालिका कर्णाली प्रदेश अन्तर्गत जाजरकोट जिल्लाको एक सम्भावनायुक्त नगरपालिका हो । वि.सं. २०७३ फागुन २७ गते साविकका साल्मा, दशेरा, सुवानाउली, पजारु, झाप्रा र कार्कीगाउँ गाविसलाई समेटेर स्थापना भएको हो । १३ वडा, २८४.२० वर्ग किलोमिटर क्षेत्रफल तथा राष्ट्रिय जनगणना २०७८ अनुसार ३७ हजारभन्दा बढी जनसंख्या रहेको यस नगरपालिकाको केन्द्र वडा नं ५ को चंखिला रहने गरी नगरपालिकाको निर्णय बमोजिम प्रदेश सरकारको सिफारिसमा नेपाल सरकारले राजपत्रमा प्रकाशित गरेको छ । "छेडागाड" नाम स्थानीय रूपमा बग्ने छेडागाड खोलाबाट रहन गएको हो । जहाँ कर्णाली क्षेत्रमा "गाड" शब्दले खोलालाई जनाउने गर्दछ । प्राकृतिक स्रोत, धार्मिक आस्था, कृषि सम्भावना, मौलिक संस्कृति तथा सामाजिक सद्भावले समृद्ध छेडागाड नगरपालिका पछिल्ला वर्षहरूमा भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि, रोजगार तथा सामाजिक सेवाको क्षेत्रमा उल्लेखनीय परिवर्तन तर्फ अघि बढिरहेको छ ।

**● भौतिक पूर्वाधार : विकासको आधार बलियो बन्दै**

नगरपालिका भित्र सडक, पुल, विद्युत तथा प्रशासनिक संरचना निर्माण संगै विकासले गति लिएको स्पष्ट अनुभूति भएको छ । मनाघाट बेलिब्रिज निर्माण सम्पन्न भएसँगै नागरिकको आवतजावत सहज हुनुका साथै व्यापारिक तथा आर्थिक गतिविधिमा समेत सकारात्मक प्रभाव परेको छ । मोर्क-फलिहाल्ना सडक कालोपत्रे अन्तिम चरणमा पुगेको छ भने सोही सडक खण्डको रिठेखोला सडक पुल निर्माणको ढलान कार्य सम्पन्न भएको छ । दैलेखको सिमाना सुयाडा देखि वडा नं १३ को कार्कीगाउ सम्म करिव ८ वटा भएर जोडिएको मध्यपहाडी राजमार्गले नगरपालिकाको आर्थिक तथा सामाजिक क्षेत्रमा दिर्घकालिन सकरात्मक प्रभाव पारेको,कृषि उत्पादन बजारीकरण,व्यापार व्यवसाय विस्तार,यातायातमा सहजता,शिक्षा, स्वास्थ्य र प्रशासनिक सेवामा नागरिकको पहुँच थप प्रभावकारी बन्दै गएको छ । चंखिला-सिल्पे सडक कालोपत्रे तथा सिल्पे-बाटुले सडक स्तरोन्नतिको कामले नगरपालिकाको मुख्य बजार थलह र अन्तरपालिका कुशेलाई जोड्ने मात्र नभई ग्रामीण यातायात सेवा सहज र व्यवस्थित बन्दै गएको छ । लम्तीखोलाको बेलिब्रिज पुलको सिलान्यास भई निर्माण कार्य अगाडी बढेको छ । यधपि निर्माण व्यवसायीको लापरबाहीका कारण अलपत्र परेको खार खोला पुलको निर्माणको लागि पूर्वाधार विकास कार्यालय कार्यालय जाजरकोट,जिल्ला प्रशासन कार्यालय जाजरकोट,र भौतिक पूर्वाधार मन्त्रालय सुर्खेतलाई ध्यानाकर्षणा गराउने र निर्माण व्यवसायीलाई खबरदारी गर्ने कार्य पालिकाको तर्फबाट भएको र पुल निर्माण नहुन्जेल विकल्पको खोजी भैइरहेको अवस्था छ । नगरपालिकाका अधिकांशं वडा,टोल तथा बस्तीमा विद्युत आपूर्ति भैईरहेको तथा बाकी बस्ती,टोल तथा वडाहरुमा विधुत विस्तार कार्य तीव्र रूपमा भइरहेको छ, जसले शिक्षा, सञ्चार, साना उद्योग तथा दैनिक जीवनलाई सहज बनाउने छ । प्रशासकीय भवन निर्माण सम्पन्न भई विधुत आपूर्तिको लागि विधुत सिस्टमको जडान भैइरहेको र उक्त कार्य सकिन साथ उक्त भवनबाट नगरपालिकाको एकीकृत सेवा शुचारु हुनेछ भने करिब ५०० क्षमताको आधुनिक अडिटोरियम हल निर्माणाधीन अवस्थामा रहेको छ । वडा नं. २, ३, ४, ५, ९, १०, ११ र १३ आफ्नै पक्की भवनबाट सेवा सञ्चालनमा छन् वडा नं १ को भवन निर्माणको कार्य भैरहेको र बाँकी अन्य वडाका भवन निर्माण प्रक्रिया पनि नितिगत रुपमा अगाडी बढिरहेको छ । यसले स्थानीय सरकारलाई संस्थागत रूपमा थप सुदृढ बनाउने विश्वास लिइएको छ । नगरपालिकाको हरेक बस्तीहरुमा एक घर एक धारा मार्फत स्वस्थ खानेपानी नागरिकको घरघरमा पुर्याउने निति अनुसार अधिकांश टोल बस्तीहरुमा साझेदार संस्था तथा नगरपालिकाको श्रोतबाट खानेपानी आयोजना निर्माण अनुगमन गर्ने कार्यले तिब्रता पाएको छ भने बाँकी रहेका टोल बस्तीहरुमा समेत खानेपानी उपलब्ध गराउन नगरपालिका र साझेदार संस्थाहरुसंग आगामी आ व को लागि समेत सम्झौता भई आयोजना निर्माण तथा संञ्चालनका आधारभूत कामहरुले प्राथमिकता पाइरहेको अवस्था छ ।झोलुङ्गे पुल,स्थानीय ग्रामिण सडक,सामुदायिक भवन, सिचाई आयोजना,मठ मन्दिर जस्ता संरचना असंख्य रुपमा निर्माण भई संञ्चालनमा आइरहेका छन । यधपी विकास कहिल्यै पूर्ण हुदैन यो समय र आवश्यकता बमोजिम निरन्तर चलिरहने प्रक्रिया हो ।

**● स्वास्थ्य सेवा : पहुँच देखि गुणस्तरसम्म**

स्वास्थ्य क्षेत्रमा नगरपालिकाले संरचनात्मक विकाससँगै सेवा विस्तारलाई प्राथमिकतामा राखेको छ । हाल नगरपालिकाभित्र १ नगर अस्पताल, ६ स्वास्थ्य चौकी, ८ आधारभूत स्वास्थ्य सेवा केन्द्र तथा ५ सामुदायिक स्वास्थ्य इकाइमार्फत सेवा प्रवाह भइरहेको छ । अधिकांश स्वास्थ्य संस्थाले आफ्नै भवनबाट सेवा दिइरहेका छन् । गत बर्ष मात्रै वडा नं ५ को फुर्कीचौरमा नगरअस्पतालको परिसरमै आँखा उपचार केन्द्र स्थापना गरी आँखा उपचार सम्बन्धी सेवा विस्तार भएको छ । २०८२ साल जेठ ९ गते कुमारी फाउन्डेसन काठमाण्डौले रोटरी क्लबसंगको समन्वयमा करिब ३ करोड बराबर लागत पर्ने नगर अस्पताललाई मेसिन तथा उपकरण हस्तान्तरण भए संगै नगरपालिकाको सेवा र गुणस्तरमा विस्तार भएको छ । कुमारी ट्रष्टले नगरपालिकालाई नगर अस्पताल संञ्चालनको लागि जग्गा र भौतिक संरचना समेत उपलब्ध गराएको सर्ब बित्तिदै छ । निर्माणाधीन नगर अस्पतालको भवन निर्माण स्थलमा पहिरोले क्षति पुर्याउदा ढिलाई भएको भवन निर्माण कार्यले पछिल्लो समय तिब्रता लिएको छ । नगरपालिकामा सुरक्षित मातृत्व, खोप, पोषण, सरसफाइ तथा जनस्वास्थ्य सचेतना कार्यक्रम नियमित सञ्चालन भइरहेका छन् । स्वास्थ्य शाखाले औषधि व्यवस्थापन, स्वास्थ्यकर्मी तालिम, सुपरिवेक्षण, रेकर्डिङ तथा रिपोर्टिङ प्रणालीलाई प्रभावकारी बनाउँदै सेवा प्रवाहलाई थप व्यवस्थित बनाइरहेको छ । दुर्गम बस्तीमा स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न नगरपालिकाले निरन्तर पहल गरिरहेको देखिन्छ ।

**● कृषि, पशुपालन र उद्यमशीलता : आत्मनिर्भरताको आधार**

नगरपालिकाको अधिकांश जनसंख्या कृषि र पशुपालनमा निर्भर रहेकाले यस क्षेत्रलाई आर्थिक समृद्धिको मुख्य आधारका रूपमा अगाडि बढाइएको छ । कृषि शाखामार्फत उन्नत बीउबिजन, कृषि सामग्री तथा उपकरणमा अनुदान, किसान तालिम, टनेल खेती, सिंचाइ तथा फलफूल खेती विस्तारका कार्यक्रम सञ्चालन भइरहेका छन् ।

पशुपंक्षी शाखाबाट पशु स्वास्थ्य सेवा, खोप, कृत्रिम गर्भाधान, पशु उपचार तथा उन्नत जात पशुबस्तु प्रवर्द्धनका कार्यक्रम सञ्चालन भइरहेका छन् । समूह तथा सहकारी मार्फत महिला र युवालाई व्यवसायिक कृषि तथा पशुपालनमा जोड्ने प्रयासले स्थानीय उत्पादन र आयआर्जनमा सकारात्मक प्रभाव पारेको छ । हरेक बर्ष किसानसंग मेयर कार्यक्रम संञ्चालन गरी कृषि र पशु विकास सम्बन्धी सेवा तथा गुणस्तरका कामहरु निरन्तर भैरहेका छन् ।

त्यसैगरी मेड्पा कार्यक्रम मार्फत सिलाइकटाइ, ब्यूटी पार्लर, खाद्य परिकार, हस्तकला, कृषि तथा होटल व्यवसाय सम्बन्धी सीपमूलक तालिम तथा प्रविधि हस्तान्तरणका कामहरु सञ्चालन हुँदै आएको छन । यसले विशेषगरी महिला, युवा तथा विपन्न वर्गलाई स्वरोजगार र उद्यमशीलता तर्फ प्रेरित गरिरहेको छ ।

**● रोजगार सेवा : श्रमलाई सम्मान र अवसर**

राष्ट्रिय रोजगार कार्यक्रम तथा मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत सडक, नाली, खानेपानी, सिंचाइ तथा सार्वजनिक संरचना निर्माणमा स्थानीय श्रमिकलाई प्राथमिकता दिइँदै आएको छ । यसले बेरोजगारी न्यूनीकरण, श्रमको सम्मान तथा स्थानीय स्तरमै आयआर्जनको अवसर सिर्जना गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ । वैदेशिक रोजगारी प्रतिको निर्भरता घटाई स्थानीय सीप र श्रमको सदुपयोग गर्ने दिशामा यी कार्यक्रम प्रभावकारी देखिएका छन् ।

**● शिक्षा : गुणस्तरीय र व्यवहारिक शिक्षातर्फ उन्मुख**

नगरपालिका भित्र १ स्नातकोत्तर तहसम्म अध्ययन हुने क्याम्पस, ८८ सामुदायिक विद्यालय मध्ये १-५ संञ्चालन भएका ४९, १-८ कक्षा संञ्चालन भएका २०,१-१० कक्षा संञ्चालन भएका ११, १-१२ संञ्चालन भएका १२ विधालय छन् । ६८ संघीय बालविकास केन्द्र तथा ४१ पालिकास्तरीय बालविकास केन्द्र, र ४ वटा सामुदायिक सिकाई केन्द्र रहेका छन । २ विद्यालयमा प्राविधिक धारको पढाइ सञ्चालन भइरहेको र १ वटा गुरुकूल शिक्षालय, ७ वटा संस्थागत विधालय नगरपालिका भित्र संञ्चालनमा छन् ।

उल्लेखित विधालयहरुमा धुलोरहित कक्षाकोठा निर्माण गर्ने नगरपालिकाको निति बमोजिम,च्त्रत्र भवन निर्माणको काम तीब्र गतिमा भैरहेको छ ।जिल्लाकै नमूना विधालय जनप्रिय मा वि दशेरामा अत्याधुनिक भौतिक संरचना निर्माणका कामहरु धमाधम भैइरहेका छन् । कक्षा ११ र १२ मा विज्ञान विषयमा पढाई हुनुले विधार्थीको आकषर्ण बढीरहेको उक्त विधालयमा खेल मैदान,ल्याव सामग्री,प्रयोगशाखा,पुस्तकालय, पढ्दै कमाउदै कार्यक्रम संञ्चालन गरिरहेको विधालयले स्कूल बस सेवा समेत संञ्चालन गरिरहेको छ ।विस्तारै सबै मा वि हरुमा भौतिक पूर्वाधार निर्माण गर्ने क्रममा नगरपालिकाका ६ वटा विधालयमा अत्याधुनिक भवन, खेल मैदान,फर्निचर, शौचालय, घेरावार लगायतका संरचनाहरुको एकसाथ निर्माण कार्य चलिरहेको छ ।दिवा खाजा, बालमैत्री शौचालय, सुरक्षित खानेपानी, इन्टरनेट, पुस्तकालय तथा विज्ञान प्रयोगशालाको व्यवस्थाले शिक्षण-सिकाइ प्रक्रियालाई आधुनिक र प्रभावकारी बनाइरहेको छ । व्यवहारिक र सीपमूलक शिक्षामा जोड दिँदै नगरपालिकाले स्थानीय पाठ्यक्रम तयार गरी छेडागाड सेरोफेरो किताब छपाई विधालयमा पठनपाठन भैइरहेको अवस्था छ । कक्षा ५ को परीक्षा वडा स्तरीय र कक्षा ८ को परीक्षा नगरपालिका स्तरमा संञ्चालन भैरहेका छन । जसले परीक्षा प्रणालीलाई थप प्रभावकारी बनाउन मद्दत पुगेको दखिन्छ । शिक्षक,बालविकास शिक्षिका र विधालय लेखा सहायकको पदपूर्तिको लागि लिइने परीक्षा प्रणालीलाई परिमार्जन गरी राजनितिक तथा विधालय व्यवस्थापन समितिबाट आउने दबाद र विवाद मुक्त पारिएको छ ।जसले योग्य र दक्ष जनशक्तिलाई नगरपालिका प्रति भरोसा र स्वंय उम्मेद्धारमा समेत आत्मविश्वास बढाउने काममा टेवा पुगेको देखिन्छ ।प्रतिभा पहिचान,मेयर कप खेलकूल प्रतियोगिता, बालमैत्री तथा प्रविधिमैत्री शिक्षा लगायतका कार्यक्रम शिक्षा शाखा मार्फत निरन्तर संञ्चालन तथा सम्पन्न भैरहेका छन् । जसले विधार्थीहरुको प्रतिभा प्रफुस्टन,खेलकूद क्षमता विकास,बालमैत्री वातावरण निर्माण,डिजिटल प्रविधिको प्रयोगमा अभिबृद्धि तथा शिक्षण सिकाई प्रक्रियालाई थप प्रभावकारी आकर्षक र गुणस्तरीय बनाउन महत्वपूर्ण योगदान पुर्याएको छ ।

**● समावेशिता र सामाजिक सुरक्षा**

महिला, बालबालिका तथा जेष्ठ नागरिक इकाई मार्फत महिला सशक्तीकरण, घरेलु हिंसा न्यूनीकरण, बाल अधिकार संरक्षण, जेष्ठ नागरिक सम्मान तथा अपांगता भएका व्यक्तिको अधिकार सुनिश्चितता सम्बन्धी कार्यक्रम सञ्चालन भइरहेका छन् ।

सामाजिक सुरक्षा तथा पञ्जीकरण इकाईले जेष्ठ नागरिक, एकल महिला, दलित तथा अपांगता भएका व्यक्तिलाई सामाजिक सुरक्षा भत्ता त्रैमासिक रुपमा सम्बन्धित लाभग्राहीको बैक खातामा जाने व्यवस्था सुनिश्चित गरेको छ । साथै जन्म, मृत्यु, विवाह तथा बसाइँसराइ दर्ताका सेवाहरू प्रभावकारी रूपमा सञ्चालन गरिरहेको विषयले नागरिकहरु सुन्तुष्ट भैइरहेको पुष्टी हुने वातावरण सृजना भैइरहेको छ ।

**● विपद व्यवस्थापन तथा सामाजिक संरक्षण**

छेडागाड नगरपालिकाले विपद् व्यवस्थापनलाई उच्च प्राथमिकतामा राख्दै छुट्टै विपद् व्यवस्थापन शाखा स्थापना गरेको छ । आपतकालीन कार्यसञ्चालन कार्यविधि निर्माण गरी मनसुनजन्य, आगलागीजन्य तथा अन्य सम्भावित विपद्को पूर्वतयारी, जोखिम न्यूनीकरण र उद्धार व्यवस्थापनका कार्यहरू निरन्तर सञ्चालन भइरहेका छन् । वडा नं. ७ टिकाचौरमा पूर्वसूचना प्रणाली जडान गरी विपद्सम्बन्धी सूचना नगरपालिकाबाट समेत डिजिटल माध्यमद्वारा निगरानी गर्न सकिने व्यवस्था गरिएको छ । साथै, आवश्यक विपद् राहत सामग्री खरिद गरी नगरपालिकामा मौज्दात राखिएको छ ।

सामाजिक संरक्षणतर्फ, विपन्न, गरिब तथा असहाय नागरिकहरूको उपचारमा सहयोग पुऱ्याउने उद्देश्यले विपन्न औषधि उपचार कोष स्थापना गरिएको छ, जसबाट वडा कार्यालयको सिफारिसका आधारमा आवश्यक आर्थिक सहायता प्रदान गरिँदै आएको छ । त्यसैगरी, विपन्न, असहाय तथा टुहुरा बालबालिकाको शिक्षामा सहयोग पुऱ्याउन नगर प्रमुख रत्न बहादुर खड्काको पारिश्रमिकबाट स्थापना गरिएको बालहित कोष मार्फत लक्षित बालबालिकाको पहिचान गरी शैक्षिक सहयोग उपलब्ध गराउने कार्य निरन्तर सञ्चालनमा रहेको छ । यस्ता प्रयासहरूले सामाजिक उत्तरदायित्व, मानवीय संवेदना र समावेशी विकासप्रतिको नगरपालिकाको प्रतिबद्धतालाई थप मजबुत बनाएका छन् ।

**● पर्यटन, धर्म, संस्कृति र ऐतिहासिक पहिचान**

छेडागाड नगरपालिका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाले समृद्ध क्षेत्र हो । सुयाडा मालिका मन्दिर, वडा नं. ८ स्थित ऐतिहासिक घोगी देवल, मालिका गुफा, छेडागाड-भेरी दोभान तथा कार्कीगाउँ मालिका जस्ता धार्मिक, प्राकृतिक र ऐतिहासिक स्थलहरूले नगरपालिकाको विशिष्ट पहिचान निर्माण गरेका छन् । यी सम्पदाहरूले पुरानो सभ्यता, कला, संस्कृति र धार्मिक आस्थाको जीवन्त इतिहास बोकेका छन् । छेडागाडको सांस्कृतिक पक्ष पनि उत्तिकै समृद्ध छ । साल्मा-दशेरा क्षेत्रमा प्रचलित पैसेरी नाच, कार्कीगाउँ र झाप्रामा नाचिने मयूर नाच, सिगारु नाच, पञ्चेबाजा तथा विभिन्न मेलापर्वमा प्रस्तुत गरिने लठ्ठी नाच यहाँको मौलिक संस्कृति र सामुदायिक एकताको प्रतीकका रूपमा रहेका छन् । यस्ता सांस्कृतिक सम्पदाले स्थानीय पहिचानलाई जीवन्त राख्नुका साथै पर्यटन प्रवर्द्धनमा समेत महत्वपूर्ण योगदान पुऱ्याएका छन् । यी सम्पदा र संस्कृतिको संरक्षण, प्रचारप्रसार तथा विकासका लागि नगरपालिका, प्रदेश तथा संघीय सरकारको साझेदारीमा विभिन्न कार्यक्रम सञ्चालन भइरहेका छन् । साथै, दैलेखको भगवतिमाई गाउँपालिकासँग सुयाडा मालिका क्षेत्रको संरक्षण, विकास र व्यवस्थापनका लागि सहकार्य गर्ने महत्वपूर्ण निर्णय समेत भएको छ ।

धार्मिक, ऐतिहासिक, प्राकृतिक तथा सांस्कृतिक सम्पदाको उचित संरक्षण र प्रवर्द्धन गर्न सके छेडागाड नगरपालिका कर्णालीकै एक महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक पर्यटन गन्तव्यका रूपमा स्थापित हुने बलियो सम्भावना रहेको छ ।

**● निष्कर्ष**

"सिमित स्रोत-साधन र चुनौतीपूर्ण परिस्थितिका बाबजुद पनि आदरणीय नगर प्रमुख, उपप्रमुख तथा सम्पूर्ण जनप्रतिनिधिहरूको दूरदर्शी सोच, सुदृढ समन्वय, सामूहिक निर्णय क्षमता र इमान्दार प्रयासका कारण हालसम्मका उपलब्धिहरू सम्भव भएका हुन् । कर्मचारीतन्त्रको सक्रियता र सरोकारवालाहरूको सहकार्यले यसलाई थप मजबुत बनाएको छ । तथापि, अझै धेरै गर्न बाँकी रहेकोले आगामी दिनमा सबै सरोकारवालाहरूको निरन्तर साथ, थप जिम्मेवार सहभागिता र रचनात्मक सहयोग अपरिहार्य छ ।"

"छेडागाड नगरपालिका केवल एउटा स्थानीय तह मात्र होइन, अपार सम्भावना, प्राकृतिक सम्पदा, सांस्कृतिक वैभव र मेहनती नागरिकहरूको साझा भविष्य बोकेको संस्था हो । विगत केही वर्षमा भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि, रोजगार, सामाजिक सुरक्षा तथा संस्थागत सुशासनका क्षेत्रमा भएका प्रयासहरूले विकासको आधारशिला थप बलियो बन्दै गएको छ । यद्यपि विकास कुनै निश्चित गन्तव्य होइन, यो निरन्तर सुधार, नवप्रवर्तन र साझा प्रतिबद्धताबाट अगाडि बढिरहने प्रक्रिया हो । स्थानीय सरकारका प्रयास मात्र पर्याप्त हुँदैनन्; नागरिकको विश्वास, सरोकारवाला निकायहरूको साथ, जनप्रतिनिधि र कर्मचारीको इमानदार प्रतिबद्धता तथा सबै पक्षबीचको समन्वय र सहकार्य नै छेडागाड समृद्धिको वास्तविक आधार हो । संस्थालाई नागरिकमैत्री, उत्तरदायी, पारदर्शी र प्रभावकारी बनाउन आलोचना भन्दा समाधानमुखी सुझाव, असहयोग भन्दा सहकार्य र निराशा भन्दा सकारात्मक सोचको आवश्यकता आज झन् बढी महसुस गरिएको छ । त्यसैले सम्पूर्ण नगरवासी, बुद्धिजीवी, सञ्चारकर्मी, नागरिक समाज, राजनीतिक दल, युवा तथा विशेषगरी सचेत नागरिकहरूलाई विकास र सुशासनको साझा अभियानमा रचनात्मक भूमिका निर्वाह गर्न हार्दिक आह्वान गर्दछौं । कमी कमजोरी देखिए समाधानका विकल्प सहित सुझाव दिनुहोस्, राम्रो कामको प्रोत्साहन गर्नुहोस् र सार्वजनिक संस्थाहरूलाई अझ सक्षम र नागरिक मैत्री बनाउन सकारात्मक खबरदारी कायम राख्नुहोस् । जब समन्वय, सहकार्य, विश्वास र सकारात्मक सोच एउटै लक्ष्यतर्फ उन्मुख हुन्छन्, तब विकासले गति मात्र होइन, दिगोपन पनि प्राप्त गर्छ । आउनुहोस्, हातेमालो गर्दै समृद्ध, सुशासित, आत्मनिर्भर र नागरिक मैत्री छेडागाड निर्माणको यात्रालाई अझ सशक्त बनाऔँ । धन्यवाद ।"

## त्रिपुरासुन्दरी...

जहाज कालीकोटको चिलखायामा दुर्घटना अवस्था आउदा सवै यात्री शकुशल बचाएर आफु मृत्यु वरण गर्न पुगेका दिनेश न्यौपाने को भर्खर २०८२ कार्तिक २९ गते शालिक र गेट कर्णाली प्रदेशका वर्तमान मुख्य मन्त्री यामलाल कडेल द्धवारा उदघाटित गेट नजिक पुगेर महान शहिदमा नमन चढाउदै मोवायल कैद गरे । त्यहि नजिक यो राष्ट्रिय विदाको चार दिन उपयोग गर्न डोल्पा पर्यटन यात्रामा श्रीमान सहित आए कि रुकुम पश्चिम मा.वि कोटजारी शिक्षिका देवा खडका संग भेट हुँदा म यात्रा साहित्य डोल्फाको पस्कन आएको छु । म यो यात्रामा आर्थिक कठिनाई हुँदा मेरा सृजनाका एटाटा पुस्तक किन्नु महासय भनी निवेदन गरे । उनिले भनिन आजकाल को पुस्तक पढछ र किन्नु । मैले भने के तपाई पुस्तक नपढेर शिक्षक वन्नु भएको हो र । उनि निजवाव हुँदै श्रीमान उभिएकामा गएर मोटरवायक भएकोमा गै हुइकिईन । मलाई लामो मेरो देशका शिक्षक जस्तो जनशक्ति त मोवाइलमा झुलिरहेको छ । अचेत जनताको चेतना मोवाइलले सखाप पारीरहेको छ । विज्ञान उत्पादन मानव जिवनका लागी कती पाटो उपयोग गर्ने उपयोग गर्न नजाने मानविय जिवनका लागी कती पाटो वस्ती ध्वस्त वनाउछ राज्य व्यवस्थीत ऐन कानुन निमार्ण देखी सचेतना कार्यक्रम ल्याएर प्रशिक्षित गर्नु पर्छ लाग्छ मलाई । तब उत्पादन सबल जनशक्ति देशले पाउछ सम्वृद्धी वाटो तय गर्छ ।

सुन्दर स्वर्ग भुमि डोल्फा पुगी से-फोक्सुण्डुप र्यटन गर्न पुग्न मन उचालिएको थियो । लेखक ..जनकलाल शर्माको यात्रा कौतुहल मय डोल्फो यात्रा पुस्तक अध्ययन गरे देखी पर्यटन मन उचालिएको थियो आर्थिक अभाव यातायात असुविधाको समस्याले यात्रा आउन सकेको थिएन ।

उमेरले पनि नेटो काटी सक्यो , यातायात पनि खुल्यो यस पटक डोल्फाका विभिन्न संघ सस्था व्यक्तिलाई पुस्तक विक्रि गर्छु से - फोक्सुण्डो अवलोकन गरुला भनी ७४ वर्ष जवानी चढाएर आएको थिए । विहान एक फन्को हिडाई दुनै वजार माथी जगात पैदल फन्को मारी बेलुकाको सस्तो होटलमा आएर १० वजे साधा खाना खाए सामुदायीक विधालय क्याम्पस विद्यार्थि जेठ १० गतेवाट डोल्फाका उच्च पाटनमा यारस्रा गुम्वा (किरा) शिक्षक अभिभावक टिप्न राज्यले खुल्ला गर्दा जाँदा विधालय एक महिना वन्द हुँदा रहेछन । जिल्ला सदर मुकाम स्थित सरकारी गैर सरकारी संघ संस्था जेठ १४ गते देखी १८ गते सम्मा लामो सरकारी विदा परेकाले केही आत्तना सृजना विक्रि गरी से - फोक्सुण्डो पर्यटन यात्रा आर्थिक जुटाउन नसक्ने अवस्था सृजना हुँदा वजारमा ठुलो भेरी वजार माथी पारी पुल पार गरेर गए । दुनै वोर्डिङ स्कुल संचालक शिसु कक्षा संचालन हुन्छ जानकारी पाउँदा न्यौपाने गेट नजिक पुल पार गरी पैदल नदी किनार हुनै कारागार पुगे । गेटमा मेरै सिम्ता गा.पा.५ वजेडा गाउँवाट वाँके खजुरा गा.पा बि गाउँ बस्ती गएका हवलदार युवराज गिरी संग परिचय गरे । उनलाई कारागारमा पुस्तकालय छ छैन भने पुस्कालय भए सुर्खेत कारागारमा मेरा धेरै सृजना उपहार स्वरुप दिएको थिए । कर्णाली प्रदेशमा एउटा मात्र कारागार भित्र पुर्व डि. आई जि महेश विक्रम शाहिले विभिन्न व्यक्ति संघ संस्था संग आर्थिक र पुस्तक संकलन गरी पुस्तकालय स्थापना गरी दिएका छन । युरोपको जस्तो हाम्रो कारागार हाम्रो देशका कारागारहरु कहिले सुधारगृह होलान सृजना पुस्तक कैदिहरु पढलान सध्रेर वाहिर आएर श्रम पोखलान सोच्दै कारागार सुरक्षाकर्मिहरु कोही किनी दिन्छन कि भनि आफना सृजना गीरी भतिजलाई दिएर भित्र पठाए । भित्र लिएर सुरक्षाकर्मि कसैले किन्न मानेनन भनि फिर्ता ल्याएर दिए । शोचे शिक्षक जस्ता ले त किनेनन यि मेरो देशका सुरक्षा कर्मि पुस्तक के पढदा होलान किन भित्र पठाए होला भनि पछुताउदै उकालो वोर्डिङ स्कुल जान हिडे । दुनै वोर्डिङ स्कुल माथी वौद गुम्वामा शान्तिका पुजारी भगवान बुद्ध शालिकमा नमन चढाए । म धार्मिक भिरु भएर आम्दानी श्रोत शोसन गर्ने जुनसुकै प्रोहितलाई सम्मानले पुजा गर्दिन । धर्म गुरुका ज्ञान उपदेश ग्रहण जुनसुकै धर्म गुरुका ग्रहण गर्दै आएको छु । त्यहाँको दर्शन पछि म दुनै वोर्डिङ स्कुल ३ को प्रान्गनमा पुगे ।

त्यहाँ सहायक प्रिन्सपल जुना राई संग भेट भयो । प्रिन्सीपल भेटन पाउन सोधे जुनालाई । उनि ले भनिन प्रिन्सपल लोकेन्द्र जैसी मेरो श्रीमान हुन । म खोटाङ जिल्ला जन्मेर याहाँका जैसी परिवारको केटा संग विवाह वन्धन वाँधिएको छु । वाहा अहिले वजार तिर काम विशेष जानु भएको छ । के सेवा गरु भनिन । मैले आत्तनो परिचय दिदै आत्तना सृजना किनी दिएर से-फोक्सुण्डो यात्रा सफल वनाउन आग्रह गरे । त्यो समयमा त्यहिँ विधालय अध्यापन गराउने पुरानो वस्ती वैतडी वस्ती सरेर कन्चनपुर गडड्‌ा चौकी घर भएका लक्ष्मण सिहं पनि साथ हुनु हुन्थ्यो । मैले भने पुर्व खोटाङ जन्मेर पश्चिम डोल्फा विवाह वन्धन वाँधिएयको युगौयुगको विवाह संम्वन्ध सोधै नै वर्गिय पनि हो रहेछ भनि जातिय न रहेको उहाँहरु विच पोखेको थिए । जुन राई र सिंह जि पनि सहमत हुनु भएको थियो । माथि आकाश मा वादल विचमा सुर्यले खुट्टा पसारर्दै के लुकाउँदै गरिरहेका थिए । तल ठुलो भेरी शान्त सुसाई रहेकी थिइन । सिह जि ले म साहित्य ज्यादै मन पराउछु भनि भन्छिन आमा नेपाल, डेन्मार्क भ्रमण डायरी त्यस्तै राई जि ले पनि हजारी माला पुस्तक थप गरे व्यक्तिगत मुल्यमा खरिद गरी दिनु भएको थियो ।

दिन ढल्ली सकेकोले डोल्पाली चिया भुटेको भात वालवालीका सैगै खाना दिएपछी नास्ता खाएको थिए । वाहा द्धयले हाल सालै नवगठित वालेन शाह सरकारले सरकारी गैरसरकारी संघसस्थालाई हप्ताको दुइ दिन विदाको घोषणा गऱ्यो हिमाली जिल्ला डोल्पा जस्तामा उपयोगी भएको छैन । चिसो महिनामा हिउ पर्ने चिसो हुने घाँम ९ वजे उदाउने २ वजे अस्ताउछ ,पढाई कम हुने गर्छ । गर्मी महीना पढाई हुने गर्छ त्यसैमा वैशाख जेठमा विधार्थि शिक्षक अभिभावक यास्स्रा ( जरा ) टिप्न पाटन जान्छन किनभने जराको को आम्दानी ठुलो श्रोत हो ,यता पढाई अटोमेटिक बन्द हुन्छ । विदा वदी भएर गर्मी महिनामा भेरी छेउ डोल्फा जस्ता जिल्ला दुन छेउछेउका वालवालिका पौडी खेल्न जाने डुवेर मृत्यु हुने डर रैहिरहन्छ । तपाई साहित्य पत्रकार भएकोले राज्य संचालन गर्ने शासक संग सन्देश पुऱ्याउन आग्रह गर्नु भए पछी सरकार प्रमुख भेटने भन्दा यात्रा साहित्य पस्कन्छु । मन्त्री कति सृजनाकारका साहित्य सुझाव ग्रहण गर्छन गर्दैनन भनी यो अनुभव ग्रहण गरी पैदल त्यही नजिक रहेको झोर्ले पुल ठुलो भेरी पारगरी नास्ता पसलमा थकाई वर्षा हुन लाग्दा विसाउन पुगेको थिए ।

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# बजेट निर्माणमा जुटे कञ्चनपुरका पालिका

**युग संवाददाता**
**कञ्चनपुर, २९ जेठ ।**

यहाँका स्थानीय पालिकाहरू आगामी आर्थिक वर्ष २०८३/८४ का लागि आवश्यक बजेट निर्माणको तयारीमा जुटेका छन् । सङ्घीय सरकारको नीति तथा कार्यक्रम सार्वजनिक गरिएसँगै कञ्चनपुरका नौवटा पालिकाले पनि वडास्तरबाट योजना छनोट गरी पालिकामा सङ्कलन गरिरहेका छन् ।

यहाँको शुक्लाफाँटा नगरपालिकाका प्रमुख रणबहादुर महराले वडास्तरमा बजेटको सिलिङ पठाएर योजना छनोटको काम अन्तिम चरणमा पुगिसकेको बताए ।

"नगरपालिका कार्यालयमा पनि शाखागत रूपमा योजना छनोट लगायतका काम भइरहेका छन्", उनले भने, "तोकिएको समयसीमाभित्र बजेट निर्माणका लागि सक्रियताका साथ लागेका छौँ ।" उनले आगामी आवमा कर्मचारीको तलब वृद्धिको व्ययभार थपिएको बताए ।

"एक्काइस प्रतिशत तलब कर्मचारीको बढ्दा हाम्रो पालिकामा मात्रै रु तीन करोड व्ययभार थपियो", उनले भने, "असार १० गतेभित्र बजेट ल्याउनेगरी तयारीमा जुटेका छौँ ।" उनले बजेट र कार्यक्रम तयार गर्नुअघि सरोकारवालासँग छलफलसमेत गरिने बताए ।

# चैते धान खेतीतर्फ किसानको बढ्दो आकर्षण उत्पादन र आम्दानीमा उल्लेखनीय वृद्धि

**सरला सुवेदी**
**बाँके, २९ जेठ ।**



बाँके जिल्लामा चैते धान खेतीप्रति किसानहरूको आकर्षण बढ्दै गएको छ । आधुनिक कृषि प्रविधि, उन्नत बिउ र सिँचाइ सुविधाको विस्तारसँगै किसानहरूले वर्षमा दुई बालीबाट तीन बाली उत्पादन गर्ने अभ्यास अपनाउन थालेपछि उत्पादन तथा आम्दानीमा उल्लेखनीय वृद्धि हुन थालेको हो ।

विशेषगरी जिल्लाको जानकी गाउँपालिकामा चैते धान खेती विस्तार हुँदै गएको छ। परम्परागत खेती प्रणालीलाई परिमार्जन गर्दै किसानहरूले खाली रहने जमिनको सदुपयोग गरी अतिरिक्त आम्दानी लिन थालेका छन् ।

जानकी गाउँपालिका-२ का किसान कृपाराम बर्माले केही वर्षअघिसम्म वर्षमा दुई बाली मात्र उत्पादन गरेर जीविकोपार्जन गर्दै आएको थियो । तर अहिले आधुनिक कृषि प्रविधि र उन्नत बिउको प्रयोगमार्फत वर्षमा तीन बाली उत्पादन गर्न सफल भएको उनी बताउँछन् ।

गहुँ वा तोरी भित्र्याएपछि खाली रहने खेतमा लगाइने चैते धान किसानका लागि अतिरिक्त आम्दानीको महत्वपूर्ण स्रोत बनेको बर्माको भनाई छ । उनका अनुसार चैते धान बोनस बालीजस्तै सावित भएको छ। यस वर्ष उनले पहिलो पटक १० कठ्ठा क्षेत्रफलमा चैते धान खेती गरेका छन् ।

त्यस्तै, जानकी गाउँपालिका-६ बनकटुवाका किसान साबितराम खटिकले पनि चैते धान खेतीबाट उत्पादन र आम्दानी दुवै बढेको बताए । उनका अनुसार विगतमा खाद्यान्न किन्नुपर्ने अवस्था रहे पनि अहिले चैते धानबाट बर्खे धानभन्दा समेत बढी उत्पादन लिन सफल भएका छन् । जानकी गाउँपालिकाले 'सिँचित क्षेत्र विस्तार कार्यक्रम' अन्तर्गत चैते धान खेतीलाई विशेष प्राथमिकतामा राखेर प्रवर्द्धन गरिरहेको जनाएको छ । गाउँपालिकाका कृषि शाखा प्रमुख मनोज मण्डलका अनुसार यस वर्ष पालिकाभित्र करिब ५५ कठ्ठा क्षेत्रफलमा चैते धान खेती विस्तार गरिएको छ । किसानहरूले चैते-४, चैते-५, हरदिनाथ-१ र हरदिनाथ-४ जातका उन्नत बिउ प्रयोग गरिरहेका छन् ।

किसानलाई प्रोत्साहन गर्न गाउँपालिकाले अनुदानमा बिउ, कृषि उपकरण तथा प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको छ । गाउँपालिका अध्यक्ष छब्बन खाँले चैते धानबाट सामान्य धानको तुलनामा करिब डेढ गुणासम्म बढी उत्पादन हुने बताउँदै सिँचाइ सुविधा विस्तार तथा बोरिङ व्यवस्थापनलाई थप प्रभावकारी बनाउने प्रयास भइरहेको जानकारी दिए ।

यद्यपि, सिँचाइ र विद्युत् आपूर्तिसम्बन्धी समस्या अझै किसानका प्रमुख चुनौतीका रूपमा रहेका छन् । न्यून भोल्टेजका कारण आवश्यक समयमा सिँचाइ गर्न कठिनाइ हुने गरेको किसानहरूको गुनासो छ । यस समस्याको दीर्घकालीन समाधानका लागि गाउँपालिकाले थप बोरिङ विस्तार गर्ने तथा सिक्टा सिँचाइ आयोजनाको पहुँच गाउँपालिकासम्म विस्तार गर्न पहल थालेको जनाएको छ । चैते धान खेतीप्रति किसानको बढ्दो आकर्षणले खेतीयोग्य जमिनको अधिकतम उपयोग, खाद्यान्न उत्पादन वृद्धि र किसानको आयस्तर सुधारमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

## को हुन्...

उनीहरू प्रायः एकान्त जंगलमा बस्न रुचाउँछन् भने कहिलेकाहीँ गाउँमा गएर आफ्ना सामान अन्नसँग साट्ने वा बेच्ने गर्छन् । खासगरी यो समुदायको अस्थायी बसोबास कर्णाली प्रदेशका जाजरकोट, दैलेख, सल्यान, सुर्खेत तथा सुदुरपश्चिम प्रदेशको अछाम र लुम्बिनी प्रदेशको दाङ लगायतका जिल्लामा रहने गर्छ ।

खाम्ची भाषा यो समुदाय अझैसम्म पनि स्थायी बसोबास, खेतीपाती र विद्यालय शिक्षालाई स्वीकार गर्दैन । विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूले राउटे लक्षित विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको भएपनि उनीहरुको जीवनशैलीमा खासै सुधार नआएको सरोकारवाहरु बताउँछन ।

ढिलै भएपनि प्रदेश सरकारले राउटेलाई मुल प्रवाहीकरणमा ल्याउन नीति बनाउनुलाई सकरात्मक पक्ष भएको बताउँछन् मानवअधिकारका क्षेत्रमा काम गर्ने संस्था अनौपचारिक सेवा केन्द्र (इन्सेक) कर्णाली प्रदेशका संयोजक नारायण सुवेदी । यद्यपी, नीति ल्याउने तर व्यवहारतः कार्यान्वयनमा लैजादा पछि हट्ने परिपाटीको अन्त्य हुनुपर्ने उनले बताए ।

उनका अनुसार राउटे नीतिलाई प्रभावकारी कार्यान्वयनमा लैजान आवश्यक कार्यविधि, बजेट तथा स्पष्ट कार्ययोजनासहितको दृढ इच्छा शक्ति आवश्यक छ । विगतमा पनि राउटे समुदायको जीवन रक्षाका लागि दिइएका आवश्यक सुझाव कार्यान्वयन नभएको अवस्थामा स्वीकृत नीति अनुसार सरकार अघि बढ्नेमा भने सुवेदीको आशंका छ ।

## जिम्मेवारीमा...

पर्ने हो । तर, कतिपय मिडियाले बिक्ने कन्टेन्ट मात्र हेर्ने परिपाटी छ । मिडियामा आउन महिला पनि बोल्नु अग्रसर हुनुपर्छ,' उनले भनिन् ।

कानुन व्यवसायी यामुना सापकोटाले मिडियाले महिला तथा सिमान्तकृत वर्गको आवाजलाई प्राथमिकतामा राखेको बताइ । उनले भविष्यमा पनि कमजोर वर्गका लागि मिडिया पैरवी आवश्यक रहेको बताइ । पत्रकारले लेख्ने हरेक समाचारमा पुरुषलाई मात्र नभई महिलालाई पनि प्राथमिकतमा राखिनुपर्ने उनको भनाई थियो ।

त्यस्तै, जिल्ला समन्वय समितिका पूर्वउप्रमुख ज्ञानी भट्टराईले राजनीतिक दलभित्र महिलालाई अवसर दिन आनाकानी गरेपनि मिडियाबाट भने हौसला पाउने गरेको बताइन । उनले महिलालाई राजनीतिमा ल्याउन मिडियाले भूमिका खेलेको तर अझै व्यापक भने हुन नसकेको उनको दावी थियो । यस्तै, नेपाली कांग्रेसको संक्रिय राजनीतिमा संलग्न शान्ति सिंहले आफुले नेतृत्व गरेका हेरक क्षेत्रमा पत्रकारहरुमार्फत थालिएका सबै जसो अभियानहरु सफल भएको बताइन ।

अन्तर्क्रियामा सहभागी अन्य महिला राजनीतिज्ञले आफुहरुलाई पुरुषसरह नेतृत्वमा आउन चुनौती रहेको बताउँदै नेतृत्व लिने र दिने विषयमा पत्रकारहरुले महिलाका पक्षमा हमेशा कलम चलाउनु पर्ने बताएका थिए । अन्तरक्रिया कार्यक्रमको सहजिकरण गरेकी वरिष्ठ पत्रकार बबिता बस्नेतले महिला राजनीतिज्ञहरूको सहभागितालाई विभिन्न कारणहरुले अवरोध हुने गरेको बताइन ।

महिलाहरुलाई सामाजिक रूढीवादी धारणा, प्रणालीगत अवरोध, सञ्चारमाध्यममा असमान स्थान, परम्परागत लैंगिक मान्यता तथा भूमिका, सञ्चारमाध्यमको पक्षपात र प्रस्तुतीकरण, स्रोत-साधनमा असमानता र ऐतिहाँसिक प्रतिनिधित्वको अभावले महिला राजनीतिज्ञहरुलाई असर पार्ने गरेको बस्नेतको भनाई थियो ।

## वीरेन्द्रनगर नगरपालिका
## २ नं. वडा कार्यालय
### सुर्खेतको संधियारका नाउमा जारी ७ दिने सूचना

(प्रकाशित मिति : २०८३/०२/३० गते

सुर्खेत वी.न.नपा. वडा नं. बस्ने श्री सरिता चौधरीले यस वी.न.न.पा. वडा नं. २ कि.नं. ४७२४, क्षेत्रफल५४८.१८ वर्ग मी. मा घर निर्माणका लागि नक्सा पास गरिदिन यस न.पा. कार्यालयमा निवेदन दिए बमोजिम/सर्जमिन मुचुल्काका लागि लगत बुझ्न जाँदा संधियार उपस्थित नभएको र हुन नसक्ने स्थिति भएको भन्ने बुझिएकोले तल उल्लेख भए अनुसारको कि.नं. का जग्गाधनीहरुको सांध सिमानामा निजको घर बनाउँदा कोही कसैलाई मर्कापर्ने भए आफुलाई मर्का परेको सबै विवरण खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस कार्यालय/संयुक्त वडा कार्यालयमा उजुर बाजुर गर्न हुन यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र पर्न नआएका उजुरीप्रति कुनै कारवाही गरिने छैन ।

**तपसिल :**

**पूर्व जग्गाधनी :** कुल व. चौधरी　　**पश्चिम जग्गाधनी :** राम ब. चौधरी
**उत्तर जग्गाधनी :** बाटो　　**दक्षिण जग्गाधनी :** टेक ब. चौधरी

## चौरजहारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**चौरजहारी, रूकुम (पश्चिम भाग)**
**कर्णाली प्रदेश, नेपाल**

### दररेट पेस गर्ने सम्बन्धी सूचना

**(प्रकाशन मिति : २०८३/०२/२८ गते)**

उपर्युक्त विषयमा आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत यस चौरजहारी नगरपालिका, वडा नम्बर १०, रूकुम (पश्चिम भाग) का सुनौलो हजार दिनका आमाहरूलाई लागि Stainless Steel Water Filter खरिद गरि वितरण गर्नुपर्ने कार्यक्रम भएकोले यस नगरपालिकामा सूचिकृत भएका इच्छुक उद्योग/फर्म/ सप्लायर्सहरूले आवश्यक कागजात सहित सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र यसै सूचना साथ संलग्न स्पेसिफिकेसन अनुसारको दररेट पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**Specification**

| क्र.स. | सामग्रीहरू | स्पेसिफिकेसन (Specification) |
|---|---|---|
| १ | Stainless Steel Water Filter | Stainless Steel Water Filter, 21 litters, २ वटा क्यान्डल, Food-grade Stainless Steel, 304 Grade Stainless Steel, Ceramic Candles भएको हुनु पर्ने । |

**प्रमुख प्रशासकीय अधिकृत**

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरू
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

घरायसी सामानहरुका लागि :
भवानी अर्डर एण्ड सप्लायर्स
वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७१८



हामी कहाँ मिक्चर, ग्याँस चुल्हो, राइसकुकर, कराइ, कोला बोतल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मुल्यमा पाईन्छ ।

मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा
Bhawani Auto Workshop, Birendranagar-Surkhet
९८५८०५५६२९
९८५१३२९१६९
९८४९३२१४४२
भवानी अटो वर्कसप
वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत
TOYOTA | BYD | Mahindra | FORCE | ISUZU | FOTON | TATA
Servicing | Repair | Denting | Panting | Washing

हाम्रा सेवाहरु
- गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
- चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
- बाटोमा, घरमा गाडी बिग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
- डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
- गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
- सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।

युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत ।